## हामी नेपाली हौ

कोहि चलाक र धुर्त हुन्छन्
कोहि कहिल्यै इष्ट हुदैनन्
कोहि लाटा, रिसाहा हुन्छन्
कोहिले भाइ बन्धु मात्र गर्छन्
कोहि अछुत हुन्
यहांका यस्ता, त्यहांका त्यस्ता
इत्यादि इत्यादि भन्दै
विभिन्न जातहरु, विभिन्न ठाउंहरुका
व्याखान गर्छौ तिमी
विश्लेषण गर्छौ तिमी
अन्यसंग प्रयाय संगत गर्नु हुदैन
आफ्नै एउटा समाज गठन गर्नुपर्छ
एक आपसमा सहयोग हुन्छ
भन्दै सुझाव दिन्छौ तिमी
तर.
अर्थहिन र महत्वहिन छन् ती सवै
किन की
भिन्न भिन्नै जातका भएपनि
भिन्न भिन्नै ठाउका भएपनि
हामीले एक अर्कामा सहयोगको भावना,
साझा प्रेम आदान प्रदान गरेकाछौ
हामी नेपाली हौ मात्र नभनी
हामीले यथार्तमा ढालेकाछौ
व्यावहारमा ल्याएर हामी
राष्टिय एक्ताको सुत्रमा बाधिएकाछौ
सवै मिलेर वसी हर्षित वातावरणमा
सिंगो नेपालको चित्रण गरेकाछौ
चार जात छत्तिस वर्णको फूलवारी
हामीले एक जुट भएर गोडेकाछौ

सवैसंग संगत गरेकोछु मैले
सवैसंग आत्मियता गासेकोछु मैले
सायद हुनसक्छ
तिम्रो र मेरो जात मिल्छ होला
तिमी र म एकै ठाउको होलाउ
तर
म एउटै प्रश्न गर्न चाहान्छु तिमीलाई
सदैव हामी नेपाली हौ भन्ने गर्छौ
तर व्यवहारमा ल्याउछौ कहिले तिमी ?

लेखक – हिमाल राई